## अग्रसोची सदा सुखी

येशू नाम हिब्रू भाषाका दुई 'ये' र 'शू' शब्दको संयोगद्वारा बनिएको छ। 'ये' 'यहोवा' को संक्षिप्त रूप हो जसको अर्थ 'आफैं परमेश्वर' अर्थात् 'अनन्त परमेश्वर'; अनि 'शू' को अर्थ हो छुटकारा, उद्धार वा मुक्ति दिनुहुने। तसर्थ यी दुई शब्दको सम्मिलित अर्थ हुन्छ— छुटकारा दिनुहुने यहोवा अथवा अनन्त परमेश्वर। यसकारण प्रभु **येशू** आफैं परमेश्वर हुनुहुन्छ। उहाँले मानिसको रूप धारण गरी संसारमा आउनुभयो। उहाँको यो नाम 'येशू' उहाँ जन्मनुभन्दा पहिल्यै स्वर्गबाट पठाइएको थियो। उहाँ संसारमा खान, ढोग माग्न वा सेवा चाहन आउनुभएको होइन; तर उहाँ हराएकाहरूलाई खोज्न र मुक्त गर्न आउनुभयो। उहाँले यसो भन्नुभयो— "म सेवा गरिनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको मूल्य रूप आफ्नो प्राण दिन आएको हुँ।" (मत्ती २०:२८)

उहाँको यस वाणीबाट स्पष्ट हुन्छ कि अनन्त दण्डका भागी हामी पापीहरूलाई दण्डबाट छुटकारा दिनकै उद्देश्यले उहाँले आफ्नो प्राण दिनुभएको थियो। उहाँलाई यसो गर्न केले बाध्य गरायो त? बुझन नसकिने उहाँकै प्रेमले! "उहाँले हामीलाई प्रेम गर्नुभयो र आफैलाई हाम्रा निम्ति (क्रूसमा) सुम्पनुभयो।" मैले उहाँको अपरिमित प्रेमको लम्बाइ र चौडाइलाई व्याख्या गर्ने चेष्टा गरें भने घाम छुने प्रयास गरेजस्तै मात्र हुन्छ। एउटा अर्थपूर्ण उक्ति यसरी व्यक्त गरिएको छ— आकाश लेख्ने कागज बनोस्, सम्पूर्ण सागरका पानी मसी बनून्, पृथ्वीका सबै रूखहरू कलम बनून् र संसारका सबै मानिसहरू लेखक बनून्, तर पनि प्रभुको प्रेमको पूर्ण व्याख्या हुन सक्दैन। बाइबलले तपाईं र मलाई "परमेश्वरका शत्रु" भनी बताएको छ, र यो कुरा सत्य हो। मानिसका हृदयमा अनेक देवता-देवीका लागि ठाउँ छ, तर प्रभु येशूका लागि ठाउँ छैन। कुनै देवतालाई अपनाएर फूल-पाती सिउरेर हिँड्दा 'सानो जात' भइँदैन; तर छुटकारा दिनुहुने प्रेमी, अनन्त प्रभु येशूलाई अपनाउँदा 'सानो जात' भइन्छ। 'सानु जात' नै भएका हुनाले त्यसो भनेका होइनन्—सताएका होइनन् तर 'परमेश्वरका शत्रु" भएका हुनाले वैरभाव र शत्रुता उगेलेका हुन्। शत्रुलाई कसले प्रेम गर्छ र? तर प्रभुले प्रेम गर्नुभयो। दण्ड हामीले भोग्नुपर्ने थियो, तर हामीलाई बचाउन उहाँले स्वयं क्रूर दण्ड भोग्नुभयो। उहाँको शरीर कोर्राका चोटले चिरा-चिरा भएको थियो। हात-पाउमा काँटी ठोकिएका थिए अनि ती काँटीकै सहारामा क्रूसमा झुण्डिरहनुपऱ्यो। गिल्ला र थुकाइको हिसाब छैन। अनि यो तपाईं र म जस्ता विरोधी, शत्रुका निम्ति थियो।

**नरक**को भयानकताबारे बयान गर्ने व्यर्थ साहस गर्दिनँ। बाइबलअनुसार यति भन्छु: यदि तपाईंले आफूलाई यथार्थवादी (rationalist) ठान्नुहुन्छ भने, तपाईंलाई पक्रेर आँखामा पट्टी बाँधी डोऱ्याउँदै लगेर नरकको डिलमा उभ्याई एकाएक पट्टी खोलिदिइयो भने, तपाईं कानको जाली फुट्ने गरी कराउनुहुनेछ—"अबुई! अबुई! मरें! सर्वनाश भो!! बचाउनोस् प्रभु!!" यसरी नरकको त्यो भयानक दृश्यको एउटै झलकले नै फोस्रा सिद्धान्त र विचारहरूलाई खरानी बनाइदिनेछ।

**स्वर्ग**को बयान गर्नु मानिसको योग्यताभन्दा बाहिरको कुरा भएकोले म बाइबलअनुसार केवल एउटा कुरा मात्र भन्ने साहस गर्छु। "माछा-माछा भ्यागुता!" भन्ने खेलमा निरन्तरै भ्यागुतै मात्र हात परेझैं, संसारमा मानिसहरू शान्तिकै खोजी गरिरहे तापनि अन्ततः उनीहरूले निरन्तर अशान्ति नै भेट्छन्। धनले शान्ति दिन्छ भन्ने ठानेर धनको पछि लाग्दा अन्त्यमा मानिस धनको राशको फष्ट क्लास चौकिदार मात्र बन्छ, तर स्थायी शान्ति उसले पाउँदैन। उता स्वर्ग भने तृप्ति, शान्ति र आनन्दको देश हो। 'सुखी राजकुमार' कथामा मायाको प्राचुर्यताको कारण उसको हृदय फाटेको थियो भनिन्छ। त्यस्तै गरी, यदि हामी यही छाती र यही हृदय लिएर स्वर्ग गयौं भने, त्यहाँको अपार आनन्दको भरपूरीले हामी निस्सासिनेछौं —छाती नै फाट्नेछ। तर प्रभुले आफ्नो प्रतिज्ञाअनुसार स्वर्गमा प्रवेश गर्नेहरूलाई नयाँ छाती र नयाँ हृदय दिनुहुनेछ, ताकि स्वर्गको उर्लंदो आनन्दलाई थाम्न सकियोस्। पृथ्वीमा मानिस एक बूँद शान्तिका लागि तड्पिनुपर्छ, तर स्वर्गमा शान्तिको नदी बहन्छ—युग-युगसम्म बहिरहन्छ।

यस्तो मुटु काँप्ने भयानक आगोको भट्टीबाट उम्केर यस्तो महिमामय स्वर्गमा प्रवेश गर्नु के सर्वोत्तम कुरा होइन र? अनि प्रभु येशूले तपाईंलाई नरकबाट उम्काई स्वर्गमा प्रवेश गराउने पूर्ण बन्दोबस्त गरिसक्नुभएको छ। नम्र भई विनाशको बाटो त्यागेर कृपया प्रभु येशूकहाँ आउनुहोस्। नरकबाट उम्केर स्वर्ग जाने यस्तो अनुपम प्रबन्ध हुँदाहुँदै पनि किन नरक जानुहुन्छ? - दानिएल राई

यस महान् मुक्तिको विषयमा थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्न हार्दिक स्वागत छ।

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, भरतपुर-२, चितवन, नेपाल ✦ 9855071310



# प्रेममा साँचो बोल्दै

**"प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा ख्रीष्टसम्म बढौं, जो शिर हुनुहुन्छ" – एफेसी ४:१५**


## परमेश्वरको आज्ञा मान्ने कि मान्छेको?

आत्मिक जीवन र दैनिक जिम्मेवारीहरूबीच कुनै टकराव हुँदैन। हामी परमेश्वरलाई जति साँचो रूपमा प्रेम गर्छौं, उति नै मनदेखि मानिसहरूको भलाइ खोज्छौं। परमेश्वरमाथिको हाम्रो विश्वास हामी अरू मानिस-प्रतिको प्रेमद्वारा देखाउँछौं (१ यूहन्ना ३:२३)। ख्रीष्टियनले आफ्नो समुदायमा सबै असल कुराप्रति समर्पित भएर छिमेकीहरूको हितका लागि उदाहरण बन्नुपर्छ। तर यसले वर्तमान संसारिक व्यवस्थालाई नै परमेश्वरको आदर्शको पूर्ण रूप ठान्नु भन्ने होइन। जबसम्म पृथ्वीका साँचो राजा प्रभु येशू ख्रीष्टलाई अस्वीकार गरिन्छ, तबसम्म सिद्ध शासन सम्भव हुँदैन। तर अहिलेका शासक अधिकारहरू परमेश्वरको अनुमतिद्वारा मात्र अस्तित्वमा छन् (रोमी १३:१), त्यसैले प्रत्येक देशमा विद्यमान अधिकारप्रति आदर र अधीनता आवश्यक हुन्छ।

यदि मानवीय नियमहरूले परमेश्वरको स्पष्ट इच्छाको विरोध गर्छन् भने, ख्रीष्टियनले मानिसभन्दा परमेश्वरको आज्ञा मान्नुपर्छ (प्रेरित ४:१९; ५:२९)। किनकि ख्रीष्टले नै भन्नुभएको छ, "सिजरका कुराहरू सिजरलाई देओ, र परमेश्वरका कुराहरू परमेश्वरलाई देओ (मत्ती २२:२१)।" – ह्यारी आइरनसाइड

## शब्दहरू अद्भुत वस्तु हुन्

शब्दहरूलाई सँभालेर प्रयोग गर्नुहोस्,<br>
किनकि शब्दहरू साँच्चिकै अद्भुत हुन्छन्—<br>
माहुरीले बनाएको ताजा महझैं मीठा,<br>
र माहुरीकै डन्काझैं चर्का पनि।<br>
तिनीहरूले बिहानको घामझैं<br>
आनन्द र आशिष छरिदिन सक्छन्,<br>
र एक्लो जीवन उज्यालो पारिदिन सक्छन्।<br>
तर क्रोधको क्षणमा भने<br>
दुई धारको धारिलो चक्कुजस्तै<br>
कसैको मन गम्भीर रूपमा काट्न पनि सक्छन्।



**"मृत्यु र जीवन जिब्राको वशमा छन्" (हितोपदेश १८:२१)**

## बच्चाको तालिम



एक आमाले पास्टरलाई सोधिन्, "मेरो बच्चाको पढाइ कहिलेदेखि सुरु गर्नुपर्ला?" बच्चा त्यतिबेला चार वर्षको भइसकेको थियो। पास्टरले भने, "बहिनी, तपाईंले त पहिले नै तीन वर्ष ढिला गरिसक्नुभएको रहेछ। बच्चाको गालामा पहिलो मुस्कान देखिँदाखेरिदेखि नै सिकाउने मौका सुरु हुन्छ।"

## प्रचारभन्दा बाहिरको सेवकाई

आत्माहरूको हेरचाह गर्नु—मनले भाँचिएका मानिसहरूलाई बाँध्नु—परमेश्वरका पवित्र जनहरूका दुःख, परीक्षा र कठिनाइहरूमा चासो राख्नु—यी सबै कुरा उहाँको दृष्टिमा अत्यन्तै मूल्यवान् छन्। तर यस्तो प्रकारको सेवा हामीबीच, दुःखको कुरा, धेरै अपूर्ण रूपमा मात्र गरिँदै आएको छ। वास्तवमा यही नै सेवकाईको साँचो अर्थ हो—धेरै बोल्नु मात्र होइन। - विलियम केली

## पुस्तकहरू पढ्ने तरिका

पढ्नु मात्र होइन, सोच्नुहोस् पनि; र पढ्ने बेला सोच्नुहोस्। अरूले जे प्रभाव पार्न चाहन्छन्, त्यसलाई निष्क्रिय रूपमा मनमा छाप पर्न नदिनुहोस्। उनीहरूले भनेको सुन्नुहोस, तर त्यसलाई जाँच्नुहोस्, तौलनुहोस, र आफैं निर्णय गर्नुहोस्। यसरी गर्दा तपाईंले पुस्तकहरूको सही उपयोग गर्न सक्नुहुन्छ—उनीहरूलाई आफ्नो बुझाइका सहायक बनाउनुहोस्, मार्गदर्शक होइन; सोच र विश्वासमा सल्लाहकार बनाउनुहोस्, आदेश दिने शासक होइन।

## सुगठित सल्लाह

आफूमा भरोसा राख्नुभयो भने अन्ततः निराश हुनैपर्छ; मित्रहरूमा भरोसा राख्नुभयो भने उनीहरू एक दिन मर्नेछन् र तपाईंलाई छोडेर जानेछन्; धनमा भरोसा राख्नुभयो भने त्यो तपाईंबाट खोसिन पनि सक्छ; प्रतिष्ठामा भरोसा राख्नुभयो भने कुनै निन्दात्मक जिब्रोले त्यसलाई ध्वस्त पार्न सक्छ; तर परमेश्वरमा भरोसा राख्नुभयो भने, यस जीवनमा वा अनन्ततामा—तपाईं कहिल्यै लज्जित हुनेछैन। —डि. एल. मूडी

©WORDOFTRUTH.COM.NP

**गत अंकबाट क्रमशः**

# विश्व-इतिहासमा परमेश्वरको हात

## परमेश्वर र शैतानबीचको द्वन्द्व

### अध्याय १
### द्वन्द्वको पृष्ठभूमि (क्रमशः)

#### स्वर्गदूतहरूको पतनदेखि उद्धारकर्ताको प्रतिज्ञासम्म

#### शैतानको विद्रोह

सृष्टिको काम पूरा भएपछि, उच्च दर्जाका स्वर्गदूतहरू-मध्ये एकजना स्वर्गदूत आफ्नो बुद्धि र क्षमताहरूमा घमन्डले यति फुलिए कि उनले आफूलाई नै धोका दिंदै परमेश्वरको सार्वभौम शासनलाई उल्ट्याउन सकिन्छ भनेर सोचे (१ तिमोथी ३:६; यशैया १४:१२-१४ र इजकिएल २८:११-१७)। उसको आकांक्षा थियो—आफ्नै एउटा राज्य खडा गरेर परमेश्वरको राज्यसँग युद्ध गर्नु, त्यसलाई नष्ट गर्नु, र आफू नै सारा विश्वको राजा बन्नु। यस स्वर्गदूतले परमेश्वरविरुद्ध विद्रोह गरेकै कारण, उसको नाम बदलियो र उसलाई "शैतान" भनियो, जसको अर्थ हो "विरोधी"। यससँगै ऊ ठूलो क्रान्तिकारी बन्यो—परमेश्वरको शत्रु, र परमेश्वरको राज्यका सबै सदस्य हरूको शत्रु (मत्ती १३:२५,२८,३९; लूका १०:१८-१९)।

यस बिन्दुमा शैतानबारे एउटा कुरा ध्यान दिन जरुरी छ। उसले अहंकारी योजनाहरू जतिसुकै रचे पनि, शैतान परमेश्वरको एउटा सृजित प्राणीको श्रेणीभन्दा माथि कहिल्यै चढ्न सक्नेछैन। यही ठाउँमा बाइबलको इतिहास-दर्शन अन्य धर्म र दर्शन-शास्त्रका विचारभन्दा बिलकुलै फरक पर्छ, जसले दुई समान शक्तिशाली देवता —एक असल र एक खराब—बीचको संघर्ष देखाउँछन्। बाइबलका अनुसार, सृष्टिकर्ता परमेश्वरले आफ्नो सृष्ट प्राणी शैतानलाई पराजित गर्नु निश्चित कुरा हो। वास्तवमा, शैतानले विद्रोह सुरु गर्नेबित्तिकै परमेश्वरले उसलाई सजिलैसँग नष्ट गर्न सक्नुहुन्थ्यो। तर आफ्नो सार्वभौम इच्छाअनुसार परमेश्वरले तुरुन्तै त्यसो नगर्न रोज्नुभयो। किन उहाँले यस्तो रोज्नुभयो भन्ने कुरा पछि बुझिनेछ।

#### अन्य स्वर्गदूतहरूको विद्रोह

आफ्नै राज्य स्थापना गर्न शैतानलाई शासन गर्नसक्ने प्रजा चाहिन्थ्यो। तर सृष्टि भएको प्राणी भएकाले उसमा नयाँ प्राणी सिर्जना गर्ने क्षमता थिएन। यस कारण उसको हातमा एउटा मात्र उपाय थियो—परमेश्वरका अन्य प्राणीहरूलाई पनि विद्रोहमा फसाएर आफ्नो साथमा ल्याउने। यदि उसको राज्यले स्वर्ग र पृथ्वी दुवै ठाउँमा शासन गर्ने हो भने, उसले स्वर्गदूत र मानिस—दुवैलाई—आफूसँग मिल्न मनाउनै पर्ने थियो।

धेरै संख्यामा स्वर्गदूतहरू शैतानको विद्रोहमा सामेल भए र आफ्नै इच्छाले उसको शासनमुनि गए। बाइबलमा ठाउँ-ठाउँमा "शैतान र त्यसका दूतहरू" भनेर उल्लेख गरिएको छ (मत्ती २५:४१; प्रकाश १२:७)। स्वर्गदूतहरूको यस निर्णयकै कारण शैतान स्वर्गदूतहरूको "शासक" कहलियो (मत्ती १२:२४-२६), अनि "आकाशको अधिकारको शासक" पनि (एफेसी २:२)। शैतानले आफ्ना स्वर्गदूतहरूलाई विभिन्न तह र पदमा व्यवस्था गऱ्यो, ताकि उसको राज्यका कामहरू प्रभावकारी रूपमा चलिरहून् (एफेसी ६:११)।

परमेश्वरको राज्य छोडेर शैतानको पक्षमा लाग्ने स्वर्गदूतहरू धेरै भए तापनि, धेरै ठूलो सङ्ख्यामा स्वर्गदूतहरूले परमेश्वरकै साथमा रहन रोजे। तिनीहरूलाई "पवित्र" र "चुनिएका" स्वर्गदूतहरू भनिन्छ (मर्कूस ८:३८; १ तिमोथी ५:२१)। परमेश्वर नै यी सबै स्वर्गदूतहरूका मालिक रहिरनुभयो (यशैया ५४:५; यर्मिया ३१:३५)। यसरी परमेश्वरको राज्यभित्र स्वर्गदूत-हरूका ठूलो सङ्ख्या परमेश्वरकै अधीनतामा नै रहे।

अत्यन्त सूक्ष्म तरिकाले शैतान मानिसको सिद्ध पार्थिव वातावरणमा प्रवेश गऱ्यो र परमेश्वरको एउटा विशेष आज्ञा उल्लङ्घन गर्न मानिसलाई प्रलोभनमा पाऱ्यो। शैतानले प्रयोग गरेको प्रलोभन यो थियो—यदि मानिसले आज्ञा उल्लङ्घन गऱ्यो भने ऊ परमेश्वरजस्तै हुनेछ (उत्पत्ति ३:१-५)। अर्को शब्दमा भन्नुपर्दा, शैतानले मानिसलाई आफू नै आफ्ना जीवनको शासक बन्न सक्ने, आफ्नै जीवन आफैँ चलाउन सक्ने कुरा सुझायो —यदि उसले विद्रोह गऱ्यो भने। परमेश्वरको चेतावनी हुँदाहुँदै पनि मानिसले आफ्ना स्वर्गीय राजाको आदेश अवज्ञा गर्ने निर्णय गऱ्यो। यसरी परमेश्वरको राज्यको पृथ्वी प्रान्तको शासक स्वयं परमेश्वरविरुद्धको विद्रोहमा सामेल भयो।

#### मानिसको विद्रोहका परिणामहरू

मानिसको विद्रोहका कारण धेरै दुःखद परिणामहरू देखा परे। पहिलो, मानिसले अवज्ञा गरेको क्षणमै आत्मिक रूपमा मृत्यु भोग्यो (उत्पत्ति २:१६-१७)। यसको अर्थ मानिसको आत्मिक अस्तित्व समाप्त भयो भन्ने होइन, तर मानिसको स्वभावमा गहिरो परिवर्तन आयो भन्ने हो। परमेश्वरले मानिसलाई यस्तो स्वभावसहित सृष्टि गर्नुभएको थियो, जसले परमेश्वरतर्फ उन्मुख भएर मानिसको सम्पूर्ण जीवनलाई निर्देशन दिन्थ्यो। फलस्वरूप मानिस परमेश्वरको सङ्गतिमा सही रूपमा रहन्थ्यो र उहाँको सेवा गर्थ्यो। तर मानिसले विद्रोह गरेपछि, उसको त्यो मार्गदर्शक स्वभाव परमेश्वरविरुद्ध शत्रुतामा बदलियो (रोमी ८:७)। मानिसको सम्पूर्ण अस्तित्व नै परमेश्वरविरुद्धको मनोवृत्तिले नियन्त्रण हुन थाल्यो, र त्यसको परिणामस्वरूप उसको सम्पूर्ण स्वभाव नै भ्रष्ट भयो। यही अवस्थालाई पूर्ण पापग्रस्तता (TOTAL DEPRAVITY) भनिन्छ।

दोस्रो, अन्ततः मानिस शारीरिक रूपमा पनि मर्न पुग्यो। विद्रोह गरेपछि मानिसको शरीरमा पतनको प्रक्रिया सुरु भयो। यसले मानिसलाई रोग, विकृति र अन्ततः मृत्युको अधीनमा राख्यो (उत्पत्ति ३:१९; ५:५; रोमी ५:१२; हिब्रू ९:२७)। यसका अतिरिक्त, पतनका कारण मानिस मृत्युका विभिन्न खतराहरू—जोखिम, दुर्घटना र हिंसाजस्ता कारणहरू—को सामना गर्न थाल्यो (उत्पत्ति ४:८; ९:५-६; लूका १३:४)। आफ्नो विद्रोहका कारण मानिस त्यो स्रोतबाट वञ्चित गरियो, जसले उसलाई सधैंका लागि जीवित राख्न सक्थ्यो (उत्पत्ति ३:२२-२४)।

तेस्रो, पृथ्वीमाथि शासन गर्ने मानिसको क्षमता बिग्रियो। केही कुरामाथि शासन गर्ने अधिकार उसले गुमायो (हिब्रू २:५-८)। उसमा बाँकी रहेको शासन क्षमता पनि विकृत भयो। फलस्वरूप उसले पृथ्वीको दुरुपयोग गर्न थाल्यो। परमेश्वरप्रति रहेको शत्रुतापूर्ण मनोभावका कारण उसले परमेश्वरको मौलिक उद्देश्यविपरीत आफ्नो शासन अधिकार प्रयोग गर्न थाल्यो।

चौथो, परमेश्वरको राज्यअन्तर्गत पृथ्वीको शासन जिम्मा पाएको मानिसको विद्रोहले उसको शासन क्षेत्रमा अव्यवस्था ल्यायो। कुनै राज्यको एउटा प्रदेशमा, त्यसको राज्य-पालले राजाविरुद्ध विद्रोह गर्दा प्रायः ठूलो क्षति पुग्छ। त्यसैगरी मानिसको अधिकारक्षेत्रमा पनि जमिनको उत्पादन क्षमता निकै घट्यो (उत्पत्ति ३:१७), र पहिलो पटक जमिनले काँडा र झारपात उमार्न थाल्यो (उत्पत्ति ३:१८)। जनावरहरूको स्वभावमा पनि ठूलो परिवर्तन आयो—पहिले शान्त र शाकाहारी अवस्थामा रहेका जनावरहरू (उत्पत्ति १:३०) जंगली र मांसाहारी भए। रोमी ८:१९-२२ ले देखाउँछ कि मानिसको विद्रोहका कारण परमेश्वरको सम्पूर्ण पार्थिव सृष्टि व्यर्थता र भ्रष्टताको अधीनमा पर्न गयो। त्यसको परिणामस्वरूप आजसम्म पनि सारा सृष्टि सुस्केरा हाल्दैछ र पीडामा छटपटाइरहेको छ। आफ्नै पापका कारण मानिसले आफ्नो सिद्ध वातावरण गुमायो।

पाँचौं, मानिस परमेश्वरको राज्यको सदस्यताबाट हटाइएर शैतानको राज्यको सदस्य बनाइयो। यस परिणामले सम्पूर्ण मानव जातिमाथि अत्यन्त दुःखद प्रभाव पाऱ्यो। मानव जातिका पहिलो पुर्खाले परमेश्वरविरुद्ध विद्रोह गर्न रोजेका कारण, र मानिसले आफ्नै जातअनुसार सन्तान जन्माउने भएकाले, संसारमा जन्मिने प्रत्येक मानिस (ख्रीष्ट बाहेक) परमेश्वरप्रति वैरभावले भएको स्वभावसहित जन्मिन्छ। यसरी प्रत्येक मानिस आत्मिक रूपमा मृत अवस्थामा जन्मिन्छ र शैतानको राज्यको सदस्य हुन्छ (एफिसी २:१)। यदि मानिसले परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको मार्ग स्वीकार गर्दैन भने (यस विषयमा पछि चर्चा गरिनेछ), ऊ जीवनभरि शैतानबाट प्रेरित भई शैतानकै तरिकाअनुसार जीवन बिताइरहन्छ (एफिसी २:२); शैतानद्वारा सत्यप्रति अन्धो बनाइन्छ (२ कोरिन्थी ४:४); झूटलाई नै सत्य ठान्ने गरी शैतानद्वारा धोका दिइन्छ (२ कोरिन्थी ११:१४-१५); आत्मिक अन्धकारमा रहन्छ र शैतानको अधिकारअन्तर्गत राखिन्छ (प्रेरित २६:१७-१८); शैतानको सन्तान ठहरिन्छ (यूहन्ना ८:४४; १ यूहन्ना ३:८,१०; मत्ती १३:३७-३९); र अन्ततः शैतानकै दण्डको स्थानतर्फ डोऱ्याइन्छ (मत्ती १३:४०-४२; २५:४१; प्रकाश २०:१०,१५)। २ कोरिन्थी ६:१४-१५ अनुसार उद्धार नपाएका सबै मानिसहरू शैतान र उसको अन्धकारको राज्यसँग सम्बन्धित छन्। शैतानले यस्ता उद्धार नपाएका मानिसहरूलाई आफ्नो राज्यका कतिपय कामहरू पूरा गर्न प्रयोग गर्छ (अय्यूब १:१-१५, १७; लूका २२:३-६; यूहन्ना ८:३७, ४०, ४४, ५९; २ थेस. २:९; १ यूहन्ना ३:१२)।

स्रोत: What On Earth Is God Doing by Renald Showers

**क्रमशः आगामी अंकमा**

## बाइबलको सटिकता

उत्पत्ति ३:१५ ले भन्छ कि पुरुषसँग जस्तै स्त्रीसँग पनि "बीउ" अर्थात् बच्चा बन्ने प्रक्रियामा आवश्यक अंश हुन्छ। यो कुरा मोशाको समयमा मानिसहरूले मान्दैनथे—तर परमेश्वरले मोशालाई यो सत्यता बताउनुभयो। पुराना लेखकहरू विश्वास गर्थे कि केवल पुरुषसँगै जीवनको बीउ हुन्छ र स्त्री त केवल बच्चा राख्ने ओथारो मात्र हो। एक जना प्राचीन ग्रीक लेखक, डेमोक्रिटसले त यति सम्म भनेका थिए कि न्यानो हिलोमा पुरुषको बीउ राखिदिंदा —स्त्रीमा राखेजस्तै—मानव जीवन बन्न सक्छ। यी पुराना लेखकहरू गलत थिए; तर बाइबलले भनेको कुरा सत्य र सटिक सावित भयो। आज हामीलाई थाहा छ—सामान्य मानव बन्नका लागि स्त्रीको अण्डामा रहेका २३ क्रोमोसोम (बीउ) र पुरुषको शुक्राणुमा रहेका २३ क्रोमोसोम (बीउ) दुवै आवश्यक छन्। निष्कर्षः परमेश्वरबाट प्राप्त प्रेरणायुक्त निर्देशनबिना मोशाले यो ज्ञान कसरी जान्न सक्थे र?

*"अनि तेरो र त्यस स्त्रीको बीचमा अनि तेरो सन्तान र त्यसको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु..."* (उत्पत्ति ३:१५)